# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग २५ गते २०२४ साल

**श्री ५ को सरकार**

अर्थ–मन्त्रालयको

सूचना

भन्सार ऐन, २०१९ (संशोधनसहित) को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

श्री ५ को सरकार उद्योग वाणिज्य–मन्त्रालय, उद्योग विभागमा दर्ता (रजिष्टर्ड) भएका मील कारखाना र फैक्टरीहरूले साल भरीमा कुन कुन वस्तु कति उत्पादन गर्छ र के के कच्चा पदार्थ र सहायक कच्चा पदार्थ के कति परिमाणमा कुन भन्सारको बाटो गरी पैठारी गर्ने हो सो को सर्वेक्षण सालभरीलाई चाहिने कोटा उद्योग विभागले निर्धारित गरी सम्बन्धित भन्सार वा भन्सार विभागमा पठाएमा तपसीलबमोजिम उद्योगका निमित्त चाहिने देहायका माल वस्तुहरू (कच्चा र सहायक कच्चा पदार्थको रूपमा) प्रयोग गर्न विदेशबाट झिकाइएमा वा पैठारी गरी ल्याएमा त्यस्ता माल वा वस्तुहरूमा मूल्यको प्रतिशतमा लाग्ने सरचार्ज नलिने गरी आंशिक रूपमा छुट् दिइएको छ।

साथै उपर्युक्त मील कारखाना वा फैक्टरीहरूले उद्योग विभागबाट तोकिदिएको कोटा-भित्रको परिमाणसम्मको उक्त कच्चा पदार्थहरू नेशनल ट्रेडिङ्ग लिमिटेडद्वारा पैठारी गराउन चाहेमा पनि उक्त लेखिएबमोजिमको सुविधा प्रदान गरिने छः–



४६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## तपसील

| क्रम | उद्य गको नाम | कच्चा वा सहायक कच्चा पदार्थहरू |
|---|---|---|
| १ | विद्युत् उद्योग | (१) हाइटेन्शन बायर (२) अण्डर ग्राउण्ड केबुल (३) ओभर हेड लाइट मेटेरियल (जस्तै-इन्सुलेटर, साकल, इत्यादि) (४) स्कच काष्ठ एल्याई सिंग कीट (५) केबुल बक्स, ट्राईकरकेटिङ्ग बक्स इत्यादि (६) मिटर, सिलिङ्ग च्याम्बर इत्यादि (७) केबुल कम्पाउण्ड, एच. टि. टेप, ल. टि. टेप, सोल्डर इत्यादि (८) इलेक्ट्रिक पोल्स र ष्टक चरल रबर (९) आल्मुनियम कण्डक्टर र आसेसेरीज (१०) ष्टेबार ष्टेरड प्लेटस (११) स्वीजबोर्ड इत्यादि (१२) डिष्ट्रिव्यूशन बोर्ड (१३) कट आउट फयूज लिङ्क (१४) आइसोलेट इत्यादि (१५) अरू जस्तो बिजुलीको सामानहरू जुन विद्युत् वितरण तथा उत्पादनको कार्यमा उपयोग गरिन्छ । |
| २ | साबुन उद्योग | (१) बदाम (मुमफली) को तेल (२) नरीवलको तेल (३) आलसको तेल (४) कपासको बियांको तेल (५) महुवाको तेल (६) पोलाङ्को तेल (७) करंमको तेल (८) कुसुमको तेल (९) सुर्तीको तेल (१०) ढुटोको तेल (११) एसेन्स । |
| ३ | जूट उद्योग | (१) ष्टार्च (२) सटर्स (३) बबिन (४) टेभरिङ्ग (५) सिड पाउडर (६) हुप आइरन (७) जेपी ४० नामंका साबुन (८) पार्ट–पूर्जालाई फलाम । |
| ४ | रिरोलिंग उद्योग | (१) फलाम (बिलेट) स्पात पिसरोल (२) मेगाजिन । |
| ५ | बिस्कुट कन्फेक्सनरी उद्योग | (१) कण्डेन्स मिल्क (२) मिल्क पाउडर (३) बेकिंग पाउडर (४) टिनकाण्टेनर (५) एसेन्स र कलरहरू । |
| ६ | चिनी उद्योग | (१) पार्ट पूर्जा के फलाम (२) पेष्टिसाइड । |
| ७ | पेण्ट र बार्नेस उद्योग | (१) लिनसिड (आएल) (२) टिन र ड्रम (३) बारथ इप्स (४) डिथोफोन (५) क्रोम कालर्स (६) जिंक अक्साइड (७) व्हाइट लिड (८) रेड लिड (९) रेड अक्साइड (१०) अर्चेज, इष्टरगम (११) टारपेन टाइन (१२) स्पिरिट (१३) नेपथ्रा । |
| ८ | इञ्जिनियरिङ्ग वर्क्स-प, हार्डवेर उद्योग | (१) फलाम र फलामको सिट, प्लेट (२) कोरा मालको रूपमा प्रयोग हुने फलामको सामान (३) पित्तलको पाता। |
| ९ | औषधि उद्योग | (१) कोरा औषधि (२) अल्कोहल (३) रेकडी फाई स्पिरिट (४) कर्क (कागजको कर्कसमेत)। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१० फल उद्योग (१) प्याक गर्ने टिन (२) एसेन्स ।

११ छपाई (छापाखाना) उद्योग (१) ब्लक बनाउन काम लाग्ने फिल्म (२) कपर प्लेट ।

१२ नाइलन बटन उद्योग (१) पोलिएष्टर सिट (२) पोलिसिंग ष्टोन (३) रेटनचिप (४) थिनरपेण्ट (५) रेक्स ।

१३ प्लाष्टिक उद्योग (१) प्लाष्टिकको धूलो वा गेडा ।

१४ आलमनिय भांडा बटन र मेटल क्राफटस उद्योग (१) तामा (२) पित्तल (३) फलाम (४) स्टेनलेस स्टीलसिटस (५) पोलिसिङ्ग-मेटेरियल (६) आलुमुनियमको इनगटर सकर्ल ।

१५ सलाई उद्योग (१) सिमलको लकडी (२) प्याराफीन (३) बाकस (४) माड (५) म्यागाजिन (६) स्टोनसियम ।

१६ दारी काट्ने छुरा (ब्लेट) बनाउने उद्योग (१) स्टीलको पाता (२) प्याक गर्ने बट्टा ।

१७ उनको धागो बनाउने उद्योग (१) लुब्रिकेण्ट ।

१८ टेक्सटाइल उद्योग (१) रंग ।

१९ चुरोट उद्योग (१) सूर्तीहरू:–

(क) भर्जिनिया ग्रेड:–

(१) एल. एम. जी. (२) बिटस एम. जी. (३) एम. जी. बाई. नं. २ (४) सि. डि. के (५) भि. बि. आर (६) भि. पि. एल (७) व्हाइट बार्लि (८) डब्लु बि. डि. (९) डब्लु. बि. आर. (१०) जे. बी. एन. (११) बि. भि. टि. ।

(ख) भर्जिनिया गोल्ड ग्रेड २, ३, ४ ।

(ग) डेल कष्ट ।

(२) चुरोट राख्ने बट्टाहरू कार्डबोर्ड र कार्डबोर्डबक्स (२) बल्वबोर्ड (३) वाटरपूफ पेपर (४) स्टार्च (५) गम्डटेप (६) एलुमिनियम आएल (७) टिसु पेपर (८) सिलफ्यान (९) टियरअफटेप (१०) पोलिथिन ब्याग र सिट्ट (११) लेबेरहरू (१२) अफसेट (१३) प्रिण्टिंगप्लेट (१४) पेष्ट ड्रायर [illegible] (१५) जिलसिरिन (१६) करुगेटबक्स (१७) स्टार्च गार्निचर टेपस (१८) टोबाको टेपस (१९) सिगरेट छुरी (२०) सूर्ती काट्ने छुरी (२१) मिल्स व्हाइट इन्क ।

४६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२० फुटबेयर तथा लेदर वर्क्स (१) रंग, फ्लेक्स थ्रेड, जे. पी. कोटस थिक अपरग्रेड ।
२१ बैटरी उद्योग (१) जिंक ।
२२ टिन कन्टेनर (१) टिन सिटस (२) जिंक पेपर ।
२३ काष्ठ कार्यालय (१) प्लाइउड (२) रंग (३) स्पिरिट ।
२४ डिष्टिलरी (१) खुदो (२) हप्स (३) इष्ट (४) काठको बाक्स (५) काठको पिपा (६) कार्क (७) साइन्टीफिक इष्टनेण्ट ।
२५ कार्पेट उद्योग (१) रंग ।
२६ फलामे फर्निचर विण्डी ग्रिलसआदि बनाउने (१) प्लेन आइरन (सिटस र पाइप) (२) रंग ।
२७ किलाकाँटी उद्योग (१) हार्डएण्ड माइल्ड वायर ।
२८ होजेरी र पावरलुम उद्योग (१) होजेरी यार्न (२) इलाष्टिक (३) पोलिथिनव्याग (४) होजेरी कपडा ।
२९ टायररिसोलिंग उद्योग (१) सुलोशन (२) कुशनट्रेड (३) मोण्डी ।
३० बाल्टी उद्योग (१) जिंक ब्लांक एण्ड ग्यालभनाइज्ड प्लेन वायरन रिटिप्स ।
३१ ब्रिउरी उद्योग (१) बार्लि माल्ट, ब्रिउरी सुगर, लिक्वर (२) होप्स ।
३२ ड्राइ एण्ड प्रिण्टिङ्ग वर्क्स (१) रंग (२) ऊन र रेशमको धागो ।
३३ पोप कोला (१) कर्क (२) एसेन्स (३) प्याकिंग वर्क्स ।
३४ मसी उद्योग (१) कर्क बिर्को (२) कलर ।
३५ बेकरी पाउरोटी उद्योग (१) बेकिंग पाउडर (२) केक बनाउने पेपर कप ।
३६ मेसिन र मेसिनरी सामान तथा औजार आदि बनाउने उद्योगः— (१) एम. एस. ऐंगल (२) चैनल्स (३) फलेटस (४) रोडस (५) प्लेटस (६) सिटस (७) ब्रास रोडस (८) बोल्टस विभिन्न वांस र बुसवियरिंगको नटस ।
३७ बेत र वांस उद्योग (१) प्लाष्टिक ।
३८ फिड इण्डष्ट्रीज र पोल्ट्रीफर्म (१) खुदो (२) माछाको धूलो (३) गुआरमिल कटन सिड (४) उन्नत कुखुराको चल्ला (सात दिनसम्मको मात्र) (५) स्कीम मिल्क (ड्रप वारल) मा ल्याएको भएमात्र (६) ड्राइव्हे (७) भेटेनरी ग्रेडको भिटामिन मिनरल (८) फयुपिगेशन (९) बुडिंग ब्रोआइल र डियरिग तथा लेइग याटरी केसेज (पूर्ण स्वचालितमात्र) ।

४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६ छाता बनाउने उद्योग (१) छाता बनाउने काममा मात्र आउने सामान (२) छाताको निमित्त चाहिने कालो कपडा ।

आज्ञाले–
डा. भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## अर्थ–मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ (संशोधनसहित) को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले इखाबु गाउँ–पञ्चायत अन्तर्गत तमरखोलामा झोलुङ्गे पुल बनाउन झिकाइ ल्याएका सामानहरूमा भन्सार महसूल पूर्ण अंशमा नलिने गरी छुट् दिएको छ ।

आज्ञाले–
डा. भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## अर्थ–मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ (संशोधनसहित) को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पद्मकन्या कलेजको लागि पश्चिम जर्मनीबाट प्राप्त टेप रेकर्डर एकमा लाग्ने पैठारी महसूल नलिने गरी पूर्ण रूपले छुट् दिएको छ ।

आज्ञाले–
डा. भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

469

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# अर्थ-मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ (संशोधनसहित) को दफा ९ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले श्री ५ र नेपाल शीर्षक भएको फिल्म तैयार गर्न जर्मन टेलिभिजन कम्पनीले २५ सय मिटर खिचेको फिल्म र १० रील रेकर्ड गरेको टेप निकासी गरेमा लाग्ने भन्सार महसूल पूर्ण अंशमा नलिने गरी छुट् दिएको छ।

आज्ञाले-
डा. भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।